


# समरभिल किसान बजारहरु

**समरभिल घुम्ती किसान बजार (जुलाई - अक्टोबर)**

**1** क्ल्यारेण्डन हिल टावर्स - १३७२ ब्रडवे (1372 Broadway)
बिहीबार, दिँऊसो ४:०० - ६:०० बजे

**2** जेष्ठनागरिक परिषद/स्केल (Council on Aging/SCALE) - १६७ हल्याण्ड स्ट्रिट (167 Holland Street) शुक्रबार, बिहान १०:३० - १२:३० बजे

**3** समरभिल सार्वजनिक पुस्तकालय, पूर्वी शाखा - ११५ ब्रडवे (115 Broadway) शुक्रबार, दिँऊसो २:३० - ४:३० बजे

**4** मिष्टिक आवास विकास - २५बी मेमोरियल रोड (25B Memorial Road)
शनिबार, बिहान १०:०० -१२:०० बजे

**युनियन स्क्वायर किसान बजार (मे - अक्टोबर)**

**5** युनियन स्क्वायर - ६६-७० युनियन स्क्वायर
शनिबार, बिहान ९:०० - १:०० बजे

**समरभिल शीतकालीन किसान बजार (नोभेम्बर - अप्रिल)**

**6** आर्टस एट द आर्मोरी - १९१ हाइल्याण्ड एभिन्यू (191 Highland Avenue) शनिबार, बिहान ९:३० - १:३० बजे

**डेभिस स्क्वायर किसान बजार (मे - नोभेम्बर)**

**7** डेभिस स्क्वायर प्लाजाको छेउमा रहेको क्षेत्र - ४४ डे स्ट्रिट (44 Day Street) बुधबार, मध्यान्न १२:०० - ६:०० बजे

# समरभिलमा रहेका फार्मर्स मार्केट्समा समान किनमेल गर्न म कसरी लाभहरू प्रयोग गर्न सक्छु?

**पूरक पोषण सहायता कार्यक्रम (Supplemental Nutrition Assistance Program, SNAP) हुनुपर्छ? म्यासाचुसेट्सको स्वस्थ हुन बढावा दिने कार्यक्रम (Healthy Incentive Program, HIP) र समरभिल SNAP मिलानद्वारा तपाईंका लाभहरूबाट अझै धेरै लाभ लिनुहोस्।**

## HIP भनेको के हो?




म्यासाचुसेट्सले प्रत्येक SNAP मा सहभागी घरपरिवारलाई **जुनसुकै** फार्मर्स मार्केटबाट फलफूल तथा तरकारीहरू किन्नका लागि अतिरिक्त रकम दिन्छ!

**तपाईं कति रकम पाउनुहुन्छ?** प्रत्येक महिना 1 देखि 2 जनासम्म पारिवारिक सदस्य भएका परिवारले $40, 3 देखि 5 जनासम्म पारिवारिक सदस्य भएका परिवारले $60 र 6 जनाभन्दा धेरै पारिवारिक सदस्य भएका परिवारले $80 पाउँछन्।

**तपाईं बजारमा के के समान किन्न सक्नुहुन्छ?** तपाईं फलफूल तथा तरकारीहरू वा फलफूल तथा तरकारीका बीउ वा बिरूवाहरू किन्नका लागि HIP प्रयोग गर्न सक्नुहुन्छ। तपाईं जाम वा साल्साजस्ता सामग्रीहरूसँग फलफूल र तरकारीहरू सक्नुहुन्न।

**तपाईं यो कसरी प्रयोग गर्नुहुन्छ?** तपाईंले HIP प्रयोग गर्न तपाईंसँग EBT कार्डमा SNAP रकम हुनुपर्छ तर तपाईंको SNAP को कत्तिपनि रकम खर्च हुँदैन। HIP का लागि योग्य वस्तुहरू खरिद गर्न आफ्नो EBT कार्ड स्वाइप गर्नुहोस्। रकम तुरुन्तै तपाईंको SNAP ब्यालेन्समा फिर्ता हुने छ र तपाईं उक्त रकम आफ्नो रसिदमा देख्न सक्नुहुन्छ।

**थप जान्न चाहनुहुन्छ?** भिडियोका लागि निम्न रहेको QR कोड स्क्यान गर्नुहोस् वा mass.gov/hip मा हेर्नुहोस्।

## SNAP म्याच भनेको के हो?

समरभिलले SNAP मा सहभागी घरपरिवारहरूका लागि SNAP को प्रत्येक डलरका लागि दुई गुणा धेरै मूल्य प्राप्त गर्न फार्मर्स मार्केट्समा खर्च गर्ने SNAP म्याचमा सहायता गर्छ।

**कहाँ?** तपाईं डेभिस, युनियन र विन्टर फार्मर्स मार्केट्समा समरभिल SNAP म्याच प्रयोग गर्न सक्नुहुन्छ!

**तपाईं कति रकम पाउनुहुन्छ?** यी बजारहरूले प्रत्येक हप्ता $1-$1 म्याचदेखि $15 म्याचसम्म उपलब्ध गराउँछन्।

**तपाईं बजारमा के के समान किन्न सक्नुहुन्छ?** तपाईं बजारमा SNAP का लागि योग्य जुनसुकै खाद्य सामग्री किन्न सक्नुहुन्छ।

**तपाईं यो कसरी प्रयोग गर्नुहुन्छ?** $15 सम्मको खाद्य सामग्री किन्न मार्केट म्यानेजर बुथबाट EBT कार्ड स्वाइप गर्न छोड्नुहोस्। तिनीहरूले तपाईंलाई जुनसुकै बजारमा खर्च गर्नका लागि $30 सम्मका टोकनहरू दिने छन्।

OFFICE OF FOOD ACCESS AND HEALTHY COMMUNITIES



**HIP** का बारेमा थप प्रश्नहरू छन्?
भिडियोबाट बुझ्नका लागि **QR** कोड स्क्यान गर्नुहोस्!



MUNICIPAL FREEDOM GIVES NATIONAL STRENGTH — SOMERVILLE, MASS.